म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष ११, अंक २१६ सोमबार, ३० फागुन २०७८ द्वादशी ने. सं. ११४२ सिल्लागा 14 March, 2022 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

लैङ्गिक समानता बोलेर वा लेखेर मात्र प्राप्त हुँदैन । परिणाम प्राप्तिका लागि प्रत्येक व्यक्तिले व्यवहारिक सुरुवात आफैबाट गर्नुपर्दछ । परिवर्तनको प्रारम्भ आफ्नै घरबाट गरौं ।

### तीन महिनापछि प्रदेशसभा बैठक

## प्रमुख प्रतिपक्षीमाथि नै सरकारका आरोप

साझाकुरा संवाददाता

हेटौंडा, २९ फागुन/ बागमती प्रदेशसभा बैठक करिव तीन महिनापछि आईतबार बसेको छ । प्रमुख प्रतिपक्षी दल नेकपा एमालेको अवरोधका कारण पुस ८ गतेदेखी बन्द अवस्थामा रहेको प्रदेशसभा बैठक आईतबार बसेको हो ।

आईतबारको बैठक पनि अवरुद्ध गर्ने मनशायमा रहेको एमालेले अन्तत: बैठक सञ्चालन गर्न दिएको छ । पुन:बैठक अवरोध गरे चालू अधिवेशन नै अन्त्य गरेर अध्यादेशमार्फत काम गर्ने तयारी सरकारले गरेपछि एमालेले संसद विना अवरोध सञ्चालन हुन दिएको हो ।

नेकपा एमाले बागमती प्रदेशको संसदीय दलको नेता अष्टलक्ष्मी शाक्यले संसद अवरुद्ध भइरहदा आफूहरुले बोल्ने ठाउँ नभएकोले बैठक सञ्चालन गर्न दिएको प्रतिक्रिया दिएकी छन् ।

उनले संसद चल्न नसक्दा आफूहरुले बोल्ने ठाउँ नभएको र सरकार एक्लै मनोमानी ढंगले अगाडि बढेकोले बैठक सञ्चालनमा अवरोध सिर्जना नगरेको बताइन् । शाक्यले मुख्यमन्त्री राजेन्द्र प्रसाद पाण्डेले आफूहरुले सोधेको प्रश्नको जवाफ सदनमा दिएकोले पनि बैठक चल्न दिएको बताएकी हुन् । संसद बैठकको सुरुवातमा नै मुख्यमन्त्री पाण्डेले सम्बोधन गरेका थिए । एमालेको अवरोधको कारण तीन महिनादेखि बन्धक बनेको प्रदेशसभा खुलाउन संसदको रोष्टममा उभिएका मुख्यमन्त्री पाण्डे एमालेमाथि नै गर्जिएका थिए । आधा घण्टा भन्दा बढी समय संसदमा बोलेका उनले पुर्व मुख्यमन्त्री डोरमणि पौडेलमाथि आरोपको चाङ थुपारेका छन् ।

आफू नेतृत्वको सरकारले एउटै भवनमा पाँचवटा मन्त्रालय राखेको विषयमा निकै टिप्पणी भएको भन्दै मुख्यमन्त्री पाण्डेले पौडेल नेतृत्वको सरकारले स्थायी भवन निर्माण नगर्दा यस्तो अवस्था आएको बताएका थिए । लामो समय सरकार चलाएका पौडेलले प्रादेशिक संरचना निर्माण नगरेकै कारण एउटै भवनमा धेरै मन्त्रालय राख्नु परेको उनको आरोप थियो । 'हामी आएपछि संरचना निर्माणका लागि जग्गाको पहिचान गरेर संघीय सरकारलाई पठाइसक्यौं । तर साँढे तीन वर्ष सत्ताको नेतृत्व गरेका डोरमणि पौडेलले के गरे ?,' उनले भने ।

प्रदेश सरकारको लामो समय नेतृत्व गरेकाहरुले इमान्दारितापूर्वक काम गरेको भए धेरै कुरा व्यवस्थित भइसक्ने पौडेलको नैतिकतामाथि प्रश्न उठाए । आफ्नो नेतृत्वमा करिब चार महिना सरकार सञ्चालन गर्दा धेरै कामको सुरुवात गरेको उनको दावी थियो ।

मुख्यमन्त्री पाण्डेले सबैको सहयोगमा सुरु गरिएको मदन भण्डारी स्वस्थ्य विज्ञान प्रतिष्ठानको नाममा कुनै जग्गा समेत नभएको भन्दै हेटौंडा अस्पताल नै प्रतिष्ठानको मातहतमा बस्न अनिच्छुक रहनुमा अघिल्लो सरकारको कारण भएको आरोप लगाए ।

तर आफुले नेतृत्व गरेपछि प्रतिष्ठानका लागि साँढे १२ बिगाह जग्गा पहिचान गरेर संघीय सरकारमा स्विकृतिका लागि पठाइएको उनको भनाई थियो । पाण्डेले पौडेल नेतृत्वको सरकारले १३ जना व्यक्तिको नाममा रहेको जग्गामा चिस्यान केन्द्र निर्माण गरेर सरकारी सम्पतिलाई व्यक्तिको हुने अवस्थामा पुऱ्याएकोसमेत आरोप लगाएका थिए ।

**दुईवटा विधेयक पारित**

करिव तीन महिनापछि सञ्चालन भएको बागमती प्रदेशसभा बैठकले दुईवटा विधेयक पारित गरेको छ । आईतबार बसेको संसद बैठकले विषयगत समितीहरुमा दफावार छलफल भई आएको दुईवटा विधेयक पारित गरेको हो ।

बैठकले प्रदेश पर्यटन विकासको सम्बन्धमा व्यवस्था गर्न बनेको विद्येयक र उच्च शिक्षा सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक पारित गरेको छ ।

बैठकमा सम्बन्धित समितिको प्रतिवेदनसहित प्रस्तुत गरेको प्रदेश उच्च शिक्षा सम्बन्धमा व्यवस्था गर्न बनेको विद्येयक सामाजिक विकास मन्त्री कुमारी मोक्तानको तर्फबाट आर्थिक मामिला तथा योजना मन्त्री शालिकराम जमरकट्टेलले प्रस्तुत गरेका थिए भने सम्बन्धित समितिको प्रतिवेदनसहितको प्रदेश पर्यटन विकास सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक पर्यटन तथा संस्कृति मन्त्री दिपेन्द्र श्रेष्ठको तर्फबाट उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्री मिलनबाबु श्रेष्ठले प्रस्तुत गरेका थिए ।

संसदमा पेस भएका दुवै ऐन सर्वसम्मत रुपमा पास भएको छ । आइतबार बसेको बैठकमा ३ वटा विधेयकमाथी सैद्धान्तिक छलफल भएको छ भने एउटा विधेयक संशोधनको लागि विषयगत समितिमा गएको छ ।

प्रदेशका आन्तरिक मामिला तथा कानुन मन्त्री कृष्णप्रसाद शर्मा खनालले पेस गरेको प्रदेश संचार माध्यम व्यवस्थापन ऐन, २०७५ संशोधन, प्रदेश अनुसन्धान ब्यूरो सेवाको गठन, स्थापना, काम कर्तव्य र अधिकारको सम्बन्धमा व्यवस्था गर्न बनेको विद्येयक र प्रदेश विपद् व्यवस्थापन ऐनलाई संशोधन गर्न बनेको विधेयकमाथि सैद्धान्तिक छलफल भएको हो । बैठक आज सोमबारपनि बस्ने छ ।


सम्पूर्ण ब्राण्डका गाडी
एकै ठाउँमा सम्पूर्ण सेवासहित
सेवाहरू:
☞कार वास भित्र/बाहिर
☞वाइरिङ मर्मत
☞A/C मर्मत तथा ग्याँस रिफिलिङ
☞सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
☞डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक बेल्डिङ
☞टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
☞इन्जिनसम्बन्धी सबै काम
Himalayan Motors Pvt.Ltd.
हेटौंडा, चौकीटोल, सम्पर्क नं.: ०५७-५९०३३३

हेटौंडालाई Green City बनाउने उद्देश्यसहित
सुन्दर नगरी हेटौंडामा बिक्री
शुभारम्भ
YADEA e-SCOOTERS



GRAND OPENING
Offer
रू.१०,०००।-
नगद छुट
YADEA e-SCOOTER का विशेषताहरु:
☞Full Charge गर्न ४-५ घण्टा लाग्ने ।
☞Full Charge ले १०० किमी कुद्ने ।
☞२००० वाट क्षमता भएकोले एकपटक Full Charge गर्दा १.५ युनिट विद्युत् खपत ।
☞ट्यूबलेस टायर ☞ब्याट्रिमा एक वर्ष वारेन्टी
बर्षा ई-अटोमोबाइल्स
हेटौंडा-२, चौकीटोल (भाटभटेनी नजिकै)
प्रो. सबी भण्डारी ९८५५०६७४६०

घडेरी बिक्रीमा
जिल्ला : मकवानपुर
हेटौंडा उपमहा नगरपालिका
वडा नं. १




सम्पर्क नं.: ९८४५१०३६६३
९८११८९५४६२, ९८५५०७३६६९ हेटौडा-५

साझाकुरा

## हाम्रो कुरा

# गाउँ पस्न थाले नेताहरु

स्थानीय तहको चुनाव नजिकिँदै गर्दा नेताहरु गाउँ पस्न थालेका छन् । आज भोली गाउँको चोक चौताराहरुमा चुनावी बहस राम्रैसंग प्रचार भैरहेको छ । पाँच वर्ष सम्म गाउँ फर्केर नहेर्ने हाम्रा नेताहरु चुनावको माहोल मिलाउने निउँमा गाउँ पस्न थालेका छन् । स्थानीय तहको मिति घोषणा भएसंगै विभिन्न पार्टीहरु चुनावी प्रचार प्रसार र आफ्ना कार्यकर्ताहरु कहिकतै अन्त लाग्ने हो कि भन्ने डरले गाउँ पस्न थालेका हुन् । आफ्नो कार्यकर्ताले भोली आफैलाई असहयोग गर्ने हो कि ? कतै भोलि गाउँमा भोट माग्न जादा जनताहरुले लखेट्ने पो हुन् कि ? भन्ने डरपनि हाम्रा नेताहरुमा नभएको होइन । कुनै कार्यकर्तालाई अरु पार्टीले भड्काउलान् कि भन्ने डरपनि हाम्रा नेताहरुमा प्रवल देखिन्छ ।

अहिले गठबन्धनको सरकार भएपनि अझै पनि हाम्रा चोक चौताराहरुमा असमझदारीको कुरा सुनिन्छ । स्थानिय सरकारमा रहेका जनताका प्रतिनिधिहरुअझै पनि आफ्नो वडा मातहतका गाउँ नदेख्ने पनि छन् । कोहि नेताहरु जनताकै लागि भनेर मरिमेट्ने पनि छन् । कोहि त यस्ता पनि छन् कि पाँच बर्षसम्म चुप लाग्ने र चुनाव आउने वेलामा आफ्नो पार्टीको नाममा कमिसन दिएर, आफ्नो पार्टीको प्रचारप्रसार गर्ने समेत भेटिन्छन् । अनेकौ लोभ लालच देखाएरर नेताहरु अझै पनि भोट किन्ने दाउमा नभएका होइनन् । जनताहरुले पनि आफ्नो नेता कार्यकर्ता ठिकलाई ठिक र वेठिकलाई बेठिक भन्न सकेनन् भने फेरी जनताले दु:ख पाउनेछन् । अहिले त जनताहरुमा एमसिसिको हल्लाले जनमानसमा अनेकौ तथ्यहीन आलोचना, राष्ट्रघातको संज्ञा दिएर जनतालाई उचाल्ने भ्रम सिर्जना भएको छ । उक्त भ्रम चिर्न पनी विभिन्न पार्टीका नेताहरु गाउँ छिर्न थालेका छन् ।

स्थानीय सरकारले पाँच बर्ष पहिला गरेका वाचाहरु पूरा भए भएनन् त्यो त जनताले नै छुट्याउलान । जनताले पनि जनप्रतिनिधिहरुको परिक्षा नलिएका होइनन् । स्थानीय तहको निर्वाचनमा गरेको घोषणा अनुरुप जनप्रतिनीधिहरुले जनताको चित्त बुझाउन सके सकेनन् । अब आउने भावी योजना कस्तो छ । नेपाल सरकारको गाउँगाउँमा सिंहदरबार भन्ने नारा कतिको सफल भयो । गाउँमा पानी, विजुली, मोटर बाटो शिक्षाको स्तरीकरणले कतिको स्थान पायो । कोभिडले थलिएको वेला गाउँका जनताहरुले राहत को श्वास फेर्न पाए पाएनन् उनीहरुको भावी योजना कस्ता बन्ने हुन भन्ने जनताको चासोको विषय बनेको छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

### मकवानपुर प्रहरी

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

### एम्बुलेन्स सेवा

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक
साझाकुरा


## भोलिको पात्रो

भोलि वि.सं. २०७८ चैत १ गते सोमबार १५ मार्च २०२२ । फागुन शुक्ल द्वादशी । चिल्लाथ्व द्वादशी ११४२ । सूर्योदय ६:१३ र सूर्यास्त ४:११ मा हुनेछ । मीन संक्रान्ति/सामाजिक सेवा दिवस/विश्व उपभोक्ता अधिकार दिवस ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | : व्यवसायमा सफलता | तुला | : शत्रु नाश |
| वृष | : मान हानिले खिन्नता | वृश्चिक | : परिवारमा कलह |
| मिथुन | : धर्मकार्यमा खर्च | धनु | : रोग नाश |
| कर्कट | : न्यायिक कार्यमा सफलता | मकर | : अशुभ समाचार सुन्नुपर्ने |
| सिंह | : मान्यजनबाट विवाद | कुम्भ | : साझेदारी कार्यमा विवाद |
| कन्या | : अहमपनले कार्यमा हानि | मीन | : दैनिक आयमा कमी |

# कांग्रेस किन घर-घर जानुपर्छ ?



डा.डिला संग्रौला

निर्वाचन भनेको लोकतन्त्रको जग एवं सार्वभौमसत्ताको प्रयोग पनि हो । एउटा परिवर्तित जनआकांक्षा र जनताको जनादेश लिने माध्यम पनि हो । यो एउटा उम्मेदवारका साथै पार्टीको लोकप्रियता जनतासमक्ष कति छ भनेर परीक्षण गर्ने माध्यम पनि हो । पाँच वर्षपछि स्थानीय तहको २०७९ वैशाख ३० गते हुने निर्वाचनका लागि सबै राजनीतिक दलहरू चुनावी मैदानमा होमिंदै छन् । २००३ सालदेखि नै जनताको शान्तिपूर्ण लोकतान्त्रिक आन्दोलनको नेतृत्व गर्दै राष्ट्र र जनतामाथि आइपरेका संकटलाई समाधान गर्दै आएको एक ऐतिहासिक पार्टी नेपाली कांग्रेस हो ।

जनताको सार्वभौमसत्ता र स्वाधीनताको लागि अविचलित रूपको संवाहक हो कांग्रेस । नेपालको राजनीतिक र सामाजिक आन्दोलनलाई नियाल्ने हो भने कांग्रेस आफैंमा आन्दोलन, परिवर्तन र लोकतन्त्रको पर्यायवाची हो । यसलाई अलग्गै राखेर नेपालको राजनीतिक, आर्थिक, सामाजिक रूपान्तरण असम्भव छ । त्यसैले जनताको अभिमतबाट मात्र जनताकै लागि समृद्धि र विकासको ढोका उघार्ने नेतृत्वमा कांग्रेस पुग्न जरूरी छ । यी सबैका लागि जनताको सुख र दु:खको साथी कांग्रेस मात्र हो भन्ने भावना स्वरूप घर-घर जाऔं कांग्रेस जगाऔं अभियान यही २०७८ फागुन २७ गतेदेखि चैत २७ सम्म सञ्चालन हुँदैछ ।

यसका लागि केन्द्रीय प्रतिनिधिहरूले ७७ वटै जिल्लामा नेतृत्व प्रदान गर्ने कांग्रेस केन्द्रीय समिति खटाएको छ । सबैको सहभागिताको लागि आकर्षक नारा 'हरेक काँधलाई भारी, हरेक हातलाई जिम्मेवारी' भन्ने नारालाई आत्मसात् गर्दै सबै तहका संरचनाहरूलाई परिचालन गरिनेछ । 'वान बुथ, हन्ड्रेड युथ' को अवधारणा अनुरूप बुथ रक्षालाई युवाहरूको परिचालन गरिनेछ ।

**अभियानका विषय**

**१. पार्टीको नेतृत्वमा हासिल राजनीतिक र आर्थिक उपलब्धि**

नेपाली जनता र नेपाललाई नै विश्वका मानव र राज्यहरूको हाराहारीमा उभ्याउने काम २००७ सालको क्रान्तिको माध्यमले नेपाली कांग्रेसले गरेको हो । २००७ सालको कलिलो प्रजातन्त्रलाई बारबार अनेक कोणबाट भएका आक्रमणलाई विफल बनाउन निरन्तर लाग्दै गर्दा कांग्रेस, दरबार तथा दरबारिया अवशेषबीच त्रिकोणात्मक शक्ति-संघर्ष नभएको होइन । अनेक घटना र दुर्घटनाहरूलाई झेल्दै संसदीय व्यवस्थाको जग २०१५ सालको आम निर्वाचनले गर्‍यो । प्रष्ट दुई तिहाइको बहुमतका साथ बीपी कोइरालाको नेतृत्वमा रहेको सरकारले प्रजातान्त्रिक समाजवादको खाका प्रस्तुत गर्‍यो । सामन्ती प्रथा हटाएर नयाँ औद्योगिक समाजको सृजना, राष्ट्रिय आय बढाउने, कृषिमा सुधार, मोही र भूमिहीन श्रमिकलाई जग्गा वितरण, बिर्ता उन्मूलन, जंगलको राष्ट्रियकरण आदिको माध्यमबाट मुलुकलाई अगाडि बढाउन खोजे । बीपीले १५ वर्ष भित्र हरेक नेपालीलाई आफू जस्तै मध्यम परिवार बनाउने सपना पूरा हुन सकेन । प्रजातन्त्र माथि १ पुस २०१७ गते पुन: 'कु' भयो । २०४६ सालको जनआन्दोल पछि बनेको गिरिजाबाबु नेतृत्वको सरकारले नियन्त्रित अर्थ व्यवस्थाको ठाउँमा आर्थिक उदारीकरणको नीति अवलम्बन गर्‍यो । जसले गर्दा निजीकरणको माध्यमबाट सेवा, सञ्चार, विद्यालय एवम् विश्वविद्यालयको साथै यातायात, सडक, विद्युत्, कृषि, पर्यटन, स्वास्थ्य आदिको क्षेत्रमा अद्भुत फड्को मार्‍यो । ग्रामीण कृषि स्वावलम्बन कार्यक्रम २०५ वटै क्षेत्रमा प्राथमिक स्वास्थ्य केन्द्र स्थापना, राष्ट्रिय गौरवका सिंचाइका आयोजनाहरू मर्स्याङ्दी, कालीगण्डकी, पूर्व-पश्चिम राजमार्ग, मध्य पहाडी लोक मार्गलगायत मोटर बाटो, झोलुङ्गे पुल आदिको व्यवस्था गरी नेपाल र नेपालीको हितमा कार्य गरेको हो ।

२०७० सालमा सुशील कोइरालाको नेतृत्वमा बनेको सरकारले संविधान, सत्य निरुपण, मेलमिलाप र बेपत्ता छानबिन आयोग गठन गरेको थियो । ऊर्जा विकास क्षेत्रमा माथिल्लो कर्णाली र अरुण तेस्रो जस्ता ठूला महत्वपूर्ण आयोजनाको विकास र भारत पक्षसँग ऊर्जा व्यापार सम्झौता गर्न सफल भएको थियो । पटक-पटक नेपाली कांग्रेस नेतृत्वको सरकारमा पुग्नुभएका वर्तमान प्रधानमन्त्री एवं पार्टी सभापति शेरबहादुर देउवाको मन्त्रिमण्डलले पनि निकै राम्रा र उल्लेखनीय काम गरेको सबैलाई अवगत नै छ ।

समावेशी लोकतन्त्रको अभ्यास अनुरूप सरकारमा रहँदा दलित, आदिवासी जनजाति, महिला, मुस्लिम, महिला मन्त्रालयको निर्माणका साथै राजनीतिक रूपले पार्टीको विधानमा 'कदमजम'को अवधारणा अनुसार समावेशी प्रतिनिधित्वको अभ्यास गर्न सफल भएका छौं । २०७२ सालमा तिनै तहको निर्वाचन गरी संघीयता र संविधानको कार्यान्वयन पनि महत्वपूर्ण उपलब्धिको पाटो हो । लामो समयसम्म सरकारको नेतृत्व गर्ने कांग्रेसले क्रान्ति, संविधान र दिगो शान्तिको लागि खेलेको भूमिका स्वरूप नै पुन: आज संयुक्त सरकारको नेतृत्व नेपाली कांग्रेसले लिई राष्ट्रको मियो बन्न पुगेको छ ।

**२. नेकपा सरकारको चिरफार**

जनताको पाँचवर्षे जनादेश प्राप्त विगतको ओली सरकार तीन वर्ष नपुग्दै अनेकौं काण्डै काण्डका बीच बालुवाटारबाट बालकोट बहिर्गमन हुन पुग्यो । स्थिर स्थायित्व, सुशासन र विकासको नारा दिएर सत्तासीन हुन पुगेको ओली सरकार, वाइडबडी, न्यारोबडी, बालुवाटार जग्गा खरिद प्रकरण, बूढीगण्डकी जलविद्युत् परियोजना, एनसेल कर छली काण्ड, चिनी काण्ड, ७० करोडको अडियो डिल सेक्युरिटी प्रेस खरिद, ३३ किलो काण्ड, एशिया प्यासिफिक समिट (होली वाइन) काण्ड, मेलम्ची ठेकेदार काण्ड, यती होल्डिङ्ग, ओम्नी काण्ड, खोप काण्ड, हत्या-हिंसा, बलात्कार र कालोबजारी जस्ता काण्डै काण्डमा सरकार रुमल्लिन पुग्यो ।

नेपाली जनता कोरोनाको पहिलो र दोस्रो भेरियन्टबाट आक्रान्त भई अक्सिजन, भेन्टिलेटर, औषधि उपचारमा छट्पटाई रहेकोमा सरकार भने सत्ताको खेलमा रमाउँदै मुलुकलाई बन्धक बनायो । हजारौं हजार नेपाली रोजगारी गुमाएर नेपाल फर्कनलाई पनि महँगो चार्टर प्लेन व्यहोर्नु पर्‍यो । नेपाल आएकाले पनि न त पुन:स्थापना, न त पुनर्मिलन रोजगारी अवसर नै पाए । नेपालमा रोजगारी गुमाएका कैयौं मजदुरले न राहत पाए न त सरकारको अभिभावकत्व नै ।

यति मात्र हैन विवादित कानुनको निर्माण गरी अभिव्यक्ति स्वतन्त्रता माथि अंकुश लगाउने र सर्वसत्तावाद र अधिनायकवादको फलस्वरूप दुई-दुई पटक प्रतिनिधिसभाको विघटनले संविधान, गणतन्त्र, लोकतन्त्रको उपहास गर्दै प्रतिगमन विरुद्ध भएका सडक संघर्ष एवं सर्वोच्च अदालतको फैसलाले पुष्टि गर्दछ । तत्कालीन गठबन्धनमा संलग्न आफ्नै पार्टीभित्रका शीर्ष नेतृत्व वर्गले दर्ता गरेको भण्डाफोर दस्तावेजले नै यसको पुष्टि गर्दछ । जनताबाट अलोकप्रिय, अकर्मण्य बनेको पार्टी अब फेरि जनताको प्रिय हुन सक्दैन ।

**३. एमसीसीको भ्रम चिर्न**

अमेरिकी सरकारको सहयोग मिलेनियम च्यालेन्ज कर्पोरेशन (एमसीसी) बाट प्राप्त ६० अर्ब बराबरको अनुदान संसदबाट व्याख्यात्मक टिप्पणीसहित पारित भएको छ । तर यसबारे अनेकौं भ्रम, तथ्यहीन आलोचना, राष्ट्रवाद र राष्ट्रघातको कसौटीमा राखेर जनतालाई उचाल्ने, पछार्ने कार्यहरू पनि भए । आलोचकहरूले एमसीसी परियोजना सैनिक गठबन्धन सहितको इन्डोप्यासिफिक स्ट्राटेजिक अन्तर्गत पर्ने र सम्झौतापछि नेपालमा आफ्नो नभई अमेरिकाको कानुन लागु हुने तथा त्यसले नेपालको राष्ट्रिय स्वाधीनतामा आँच पुर्‍याउने भनी अनेकौं टिप्पणी गर्न पुगे । एमसीसी सम्झौताले राज्यको कुनै पनि निकायमा हस्तक्षेप हुँदैन ।

यसअन्तर्गत कुनै सैनिक सम्बन्ध हस्तक्षेप वा रणनीतिक साझेदारीको कुनै अंश छैन । यो कम्प्याट सहायता नेपालले अहिलेसम्म सम्झौता गरेका अनुदान सहायता मध्ये अत्यन्त ठूलो हो । यस सन्दर्भमा अमेरिकाको कानुन नेपालमा लागु हुन लागेको हो भन्ने भ्रम बिल्कुल असत्य हो । एमसीसी सम्झौता अगाडि बढाउन नेपालका सबै राजनीतिक दलहरू संलग्न रहेका छन् । यो सम्झौता नेकपा (एमाले) अध्यक्ष केपी शर्मा ओली, प्रधानमन्त्री र युवराज खतिवडा अर्थमन्त्री रहेको बेला असार २०७६ संसदमा दर्ता गरिएको थियो । भदौ २०७४ मा एमसीसी सम्झौतामा हस्ताक्षर हुँदा देउवा प्रधानमन्त्री र ज्ञानेन्द्रबहादुर कार्की अर्थमन्त्री हुनुहुन्थ्यो । १८ जेठ २०७४ मा तत्कालीन प्रधानमन्त्री पुष्पकमल दाहाल र अर्थमन्त्री कृष्णबहादुर महराले एमसीसीसँग सम्झौता वार्ता गर्न टोली गठन गरिएको थियो ।

नेपाली कांग्रेसका सभापति सम्माननीय प्रधानमन्त्री शेरबहादुर देउवा र अर्थमन्त्री जनार्दन शर्मा भएको बेला संसदबाट पारित भएको छ । सरकार अविच्छिन्न उत्तराधिकारी भएको नाताले एमसीसीलाई पारित गराएको हो । त्यसर्थ एमसीसी एउटा सम्झौता मात्र हैन, राष्ट्रिय सहमतिको दस्तावेज पनि हो । एमसीसीअन्तर्गत प्राप्त हुने ६० अर्ब बराबरको अनुदान सहयोग नेपालले प्राथमिकता निर्धारण गरेको सडक, विद्युत्, ट्रान्समिसन लाइन निर्माण जस्ता क्षेत्रमा खर्च हुनेछन् । यो सहयोगबाट ३०५ किलोमिटर सडकको स्तरोन्नति गरिनेछ भने ४०० केभी क्षमताको ३१२ किलोमिटर लामो विद्युत् प्रसारण लाइन निर्माण गरिनेछ ।

यसले हजारौं नेपालीलाई रोजगारी दिनेछ भने नेपालमा उत्पादित विद्युत् भारतमा बिक्री गरेर करोडौं रुपैयाँ आम्दानी गर्न सकिनेछ । यो सम्झौताअन्तर्गत अमेरिकी सेना नेपाल आउने हौवा फैलाएर नेपालको विकासमा अवरोध पुर्‍याउन चाहने तत्वलाई नेपाली जनताले राम्रोसँग चिन्नुपर्दछ र आगामी निर्वाचनमा उनीहरूलाई बहिष्कृत गर्नुपर्दछ ।


**कांग्रेसको सरकारमा 'इन्ट्री'**

नेपाली कांग्रेस प्रमुख प्रतिपक्षको रूपमा जनताले दिएको जिम्मेवारी बहन गर्दा गर्दै दुई तिहाइ नजिक रहेको ओली सरकारको असंवैधानिक, अलोकतान्त्रिक कदमका फलस्वरूप अनपेक्षित र हठात् रूपमा दुई दुई पटक प्रतिनिधिसभाको विघटनले नेपालीको राजनीतिमा नयाँ मोड लिन पुग्यो र लोकतन्त्र र संविधानको रक्षार्थ कांग्रेसको नेतृत्वमा गठबन्धनको नयाँ सरकारको बाध्यात्मक निर्माण हुन पुगेको हो । यो सरकारले जनताको जीवन सुरक्षालाई पहिलो प्राथमिकता दिंदै 'खोप खोप खोप' अभियानलाई सार्थकतामा रूपान्तरण गरी करिब ७० प्रतिशत नागरिकलाई खोप लगाइसकेको छ । अस्थिर राजनीतिलाई स्थिरता प्रदान गर्दै शान्तिसुरक्षा र सुशासनको प्रत्याभूति दिन सरकार सफल भएको छ ।

यो हाम्रो एक्लौटी सरकार होइन । त्यसैले आगामी स्थानीय तहको निर्वाचनमा कांग्रेसलाई अत्यधिक बहुमतका साथ जिताएमा मात्र सिंहदर बारको अधिकार गाउँघरमा भन्ने कांग्रेसको नाराले सार्थक रूप लिनेछ । त्यसैले 'घर घर जाऔं, कांग्रेस जिताऔं' अभियान यो कांग्रेसको मात्र होइन जनताको अभियान हो ।

-साभार: अनलाईनखबर

# संविधानमा रहेका आयोगहरूको उपयोग र औचित्य



सूर्यनाथ उपाध्याय

संविधानको निर्माण गर्दा मूलत: राज्य सञ्चालनका आधारभूत व्यवस्थाहरूलाई पद्धतिबद्ध गर्न निकायहरूको व्यवस्था गरिन्छ । प्रजातान्त्रिक संविधानमा व्यवस्थापिका, कार्यपालिका र न्यायपालिका, मौलिक हकहरू, नागरिकता, संक्रमणकालीन व्यवस्था, देशको सुरक्षा लगायतका महत्वपूर्ण कुराहरूसँगै देशको परिस्थिति र आवश्यकतालाई हेरी केही अन्य व्यवस्था र संगठनहरू निर्माण गरिन्छ ।

देशको संविधान, खासगरी क्रान्तिकारी परिवर्तनबाट निर्माण भएको अवस्थामा क्रान्तिको बेला उठेका प्रश्नहरूलाई सम्बोधन गर्ने किसिमले अनेकौं व्यवस्थाहरू गरिएको हुन्छ । क्रान्तिको उचाइमा रहँदा सामान्यतया मानिस भावुकतामा बगिरहेको हुन्छ, संवेदनाहरू उच्च स्तरमा रहेका हुन्छन् र त्यस्तो अवस्थामा बनेको संविधान कालान्तरमा जब संवेदनाहरू स्थिर हुन्छन्, राज्य सञ्चालनका अप्ठ्याराहरू अनुभव हुँदै जान्छन् त्यतिखेर बनेको संविधानमा त्रुटिहरू देखिन थाल्छन् र अनावश्यक कुराहरू रहेको वा दोहोरिएको वा आवश्यक कुराहरू छुटेको अनुभव हुँदै जान्छ र त्यसैअनुसार संविधानमा संशोधनहरू गरिन्छन् । देशको शासन, प्रशासन र नेतृत्व पनि खारिँदै जान्छ र देशले स्थिरतायुक्त गतिशीलता पनि लिन्छ ।

हाम्रो वर्तमान संविधान एक किसिमको आन्तरिक द्वन्द्व, बाह्य हस्तक्षेप, उक्साहट र देशभित्रकै सामाजिक, आर्थिक बेमेलबीच उत्पन्न भएको दस्तावेज हो । यसमा कतिपय कुराहरू वास्तविक रूपमा नेपाली जनताले माग नगरेको पनि परेको छ । क्रान्तिबाट उत्पन्न हुने संविधानमा जनताको व्यापक सहभागिताबाट भन्दा पनि जनतालाई प्रतिनिधित्व गर्ने भनिएका केही स्वघोषित वा स्थापित राजनीतिक शक्तिहरू र ती शक्तिहरूलाई नेतृत्व गर्ने व्यक्तिहरूले नै संविधान बनाएका हुन्छन् । हाम्रो वर्तमान संविधान निर्वाचित प्रतिनिधिहरूको संविधानसभाले बनाएको भनिए पनि वास्तविकरूपमा केही व्यक्तिहरूको समूहले बनाएको संविधान हो । सबैलाई थाहा छ, संविधानका विभिन्न धाराहरूमा संविधान सभामा कुनै छलफल भएन, एउटाले पढ्दै गयो अरुले ताली बजाउँदै गए र आज हाम्रो सामुन्ने ३०६ धाराको संविधान छ । यही संविधानले नेपाली जनताको भविष्य र वर्तमान निर्धारण गर्दछ ।

संविधानभित्रका कतिपय बेमेलका, दोहोरिएका तेहेरिएका, अनावश्यक भएका, प्रस्ट नभएका, एक दोस्रोसित बाझिने खालका अवधारणागत कुराहरूतर्फ नलागी खासगरी यस संविधानमा रहेका आयोगहरूबारे यस लेखमा चर्चा गरौं । राज्य व्यवस्थाका कार्यकारिणी, न्यायपालिका र व्यवस्थापिका मूलभूत स्तम्भ रहे पनि कार्यकारिणीको अधिकारहरूलाई बढी उत्तरदायी, सक्षम बनाउनका लागि निर्वाचन आयोग, लोकसेवा आयोग जस्ता आयोगहरू अनिवार्य हुन्छन् । यस्ता आयोगहरूले देशको कार्यकारिणी निकायलाई बलियो र उत्तरदायी बनाउने काममा सहयोग गर्छन् । समय, काल, परिस्थितिको अनुभवले अरु कुनै यस्ता आयोगहरू थपिँदै गएको देखिन्छ । हाम्रो आफ्नै संवैधानिक इतिहासलाई हेर्ने हो भने अख्तियार दुरुपयोग अनुसन्धान आयोगको जन्म र विकासको इतिहास पनि त्यही हो । २०७२ सालमा बनेको संविधानमा आयोगको संख्या १२ रहेको छ ।

यी आयोगहरूमध्ये चारवटा आयोग आदिवासी-जनजाति, मधेसी, थारु र मुस्लिम आयोगको काम, कर्तव्य र अधिकारबारे संविधानमा उल्लेख छैन । त्यस सम्बन्धमा कानुन बनाई उल्लेख गर्ने भनिएको छ । यी आयोगहरू जस्तै मुस्लिम, थारु, आदिवासी-जनजाति, मधेसी र समावेशी आयोगहरूको काम कर्तव्य र अधिकार दोहोरिएको देखिन्छ । एउटै व्यक्ति आदिवासी-जनजाती, मधेसी, थारु, मुश्लिम, महिला आदिअन्तर्गत पर्न सक्छ । यी आयोगहरूले गरेका काम र खर्चहरूले निक्यौंल गर्दा राष्ट्रिय मानव अधिकार आयोग लगायतका यी आयोगहरू सरकारलाई राय, सल्लाह दिने, आफ्नो क्षेत्राधिकारमा परेका विषयहरूमा पैरवी गर्नेभन्दा बढी केही अधिकार राख्दैनन् । यिनीहरूको निर्णय एउटा सिफारिस मात्र हो । यस्ता कतिपय आयोगहरूको काम वास्तवमा भन्ने हो भने गैरसरकारी संस्थाहरूले प्रभावकारी रूपमा गरिरहेका छन् । उनीहरूको बजेट र कार्यक्रम पनि ठूलो छ । कतिपय आयोग मान्छे भर्ती केन्द्रका माध्यम बनेका छन् । जस्तै: मुश्लिम आयोगमा १३ दरबन्दी छन् भने २६ जना करारमा छन् । यी आयोगहरूको खर्च करोडौं रूपैयाँमा छ । यी आयोगहरूका दरबन्दीहरूमा राजनैतिक भागबण्डाको आधारमा नियुक्ति हुन्छन् । आफ्नालाई जागिर खुवाउने र सुविधा दिलाउने मात्र काम हुन्छ । सरकारले यस वर्ष मानव अधिकार आयोगका लागि २६ करोड १६ लाख रुपैयाँ बजेट छुट्याएको छ । त्यसबाहेक पनि मानव अधिकार आयोगले विभिन्न दातृ निकायहरूबाट अनेकौं स्रोत र परियोजनाहरू सञ्चालन गरिरहेको हुन्छ । यी आयोगहरूमध्ये कतिपय आयोगहरूमा प्रत्यक्षरूपले विदेशी संस्थाहरूको सहयोगमा विभिन्न कार्यक्रमहरू सञ्चालित हुन्छन् ।

समावेशी आयोगको कार्यालय प्रदेशमा पनि स्थापित गर्न सकिन्छ भनी संविधानमा व्यवस्था गरिएको वा त्यस्तै अन्य आयोग जस्तै: थारु, मुस्लिम, आदिवासी-जनजाति, दलित आदि आयोगहरूको हकमा सम्बन्धित आयोग ऐनमा आवश्यकताअनुसार प्रदेशमा कार्यालय स्थापना गर्न सक्ने व्यवस्था छ । यस्तो प्रावधानले हाम्रो प्रशासनतन्त्रको अनावश्यक र खर्चिलो विस्तार मात्र हुन्छ । यी आयोगहरूले आफ्नो वार्षिक प्रतिवेदन आर्थिक वर्ष अन्त्य भएको तीन महिनामा राष्ट्रपतिलाई बुझाउने भन्ने ती आयोगहरूको ऐनमा उल्लेख गरिएको छ । हाम्रो देश विदेशीहरू आएर शासन गरेर बनेको देश होइन ।

न्युजिल्यान्डको 'माओरी' र नर्वेका 'सामी' जस्तो चिनारी भएको होइन । बडामहाराजधिराज पृथ्वी नारायण शाहले बाइसे-चौबीसे राज्यहरूलाई एकीकरण गरी नेपाल निर्माण गरेका हुन । तसर्थ हाम्रो देशमा यिनै व्यक्तिहरू नेपाली हुन् जो पहिले पनि थिए । यसकारण हाम्रो बीचमा आदिवासी भनी बेग्लै छुट्याउनुपर्ने अवस्था छैन । त्यसैले यस आयोगको पनि खास आवश्यकता देखिँदैन । आर्थिक वर्ष २०७८-२०७९ मा यी आयोगहरूको बजेट करोडौं रूपैयाँ भएको देखिन्छ । यी उल्लिखित आयोगहरूको काम हेर्दा त्यो बजेट खर्च खेर गएको वा करदाताको पैसाको दुरुपयोग भएको जस्तो देखिन्छ । किनकि सिफारिस मात्र गर्नको लागि संवैधानिक आयोग नै चाहिँदैन । अर्कोतिर यी आयोगहरूको कानुनी व्यवस्था (ऐन) हेर्दा यिनीहरूले सरकारलाई गर्ने सिफारिस एकचोटि गरे पुग्ने र जुन सिफारिस वा सरोकार कानुनमार्फत संस्थागत गरिने हुँदा पनि स्थायी संवैधानिक आयोगको आवश्यकता नपर्ने प्रस्ट हुन्छ । समग्रमा हेर्दा अब यी आयोगहरूबारे यिनीहरूको काम, औचित्य, यिनीहरूमा पर्ने खर्च इत्यादि बारे पुनरावलोकन गरी यिनीहरूको संख्या घटाउने, आयोगमा रहने आयुक्तहरूको संख्या पनि घटाउने वा एउटा समावेशी आयोगबाटै चाहिने कार्य लिने वा यी आयोगै पनि नराख्ने वा यिनीहरूले गरेको खर्चको औचित्य समेतमा पुनरावलोकन गर्नुपर्ने आवश्यकता देखिन्छ ।

हुन त संविधानमा महिला आयोग, दलित आयोग, समावेशी आयोग, मुस्लिम आयोग, थारु आयोग, आदिवासी जनजाति आयोग, मधेसी आयोग जस्ता आयोगहरू संविधान प्रारम्भ भएको मितिले १० वर्षपछि संघीय संसद्ले पुनरावलोकन गर्न सक्छ भन्ने व्यवस्था गरेको छ । ६ वर्षमा यिनीहरूले गरेको खर्च र यिनीहरूले गरेका काम र यिनीहरूको बीचमा पनि आधारभूत रूपमा काम कर्तव्य दोहोरिने अवस्थालाई देख्दा त्यही १० वर्ष पनि नपर्खी यिनीहरूको पुनरावलोकन गर्नुपर्ने आवश्यकता देखिन्छ । १० वर्षलाई कुर्ने नै हो भने पनि यिनीहरूको बीचमा दोहोरोपना हटाउन र यिनीहरूमा रहेको अनावश्यक दरबन्दी र खर्चबारे गम्भीर रूपले सोच्नुपर्ने अवस्था भने आइसकेको छ ।

अर्को विकल्प यी आयोगहरूमा गरिएको खर्च र तिनले गरेका कामको पुनरावलोकन गरी सरकारलाई नीतिगत र अन्य परामर्श वा राय दिने काम नीति अनुसन्धान प्रतिष्ठान जस्ता संस्थामार्फत गराउन सकिन्छ । उक्त प्रतिष्ठानको म्यान्डेट पनि त्यही हो । तसर्थ कम खर्च र प्रभावकारी तथा छरितो रूपमा काम लिन यो विकल्प अपनाउन सकिन्छ । त्यसैगरी मुस्लिम, थारु, मधेसी, आदिवासी-जनजाति आदि आयोगहरूको काम, कर्तव्य, अधिकार हेर्दा पनि अधिकांश कामहरू दोहोरिएकाले ती माथि गरिएको खर्चको औचित्य छैन ।

यसर्थ सरकारलाई नीतिगत र अन्य परामर्श वा राय दिने काम नीति अनुसन्धान प्रतिष्ठानबाट गराउन र नीति अनुसन्धान प्रतिष्ठानको सिफारिस बमोजिम गर्न सकिने कामहरू सरकारले कानुन बनाउनुपर्ने भए बनाई कार्यक्रम गर्नुपर्ने भए सो गर्न तिनको कार्यान्वयन भए नभएका वा कसरी भइरहेका छन् त्यसको अनुगमन स्थानीय निकायहरूबाट गराउने कानुनी व्यवस्था गर्न सकिन्छ । यो छरितो र प्रभावकारी विकल्प हुनसक्छ ।

-साभार: इकागज

# क्रिकेटले दिएको खुसी

काठमाडौं/ रुपन्देहीकी गीता पौडेलले क्रिकेट खेल्न थालेको १५ वर्ष भयो । नेपालले विश्वकै पहिलो नेत्रहीन महिला राष्ट्रिय टोली बनाउँदा उनी सदस्य थिइन् । त्यसयता निरन्तर सक्रिय उनले डेढ दशकको करिअरमा राष्ट्रिय स्तरदेखि दुईवटा अन्तर्राष्ट्रिय सिरिजसमेत खेलिसकेकी छन् ।

सुर्खेतकी दुर्गा आचार्यले पनि विद्यालयस्तरदेखि नै नेत्रहीन क्रिकेट सुरुवात गरेकी हुन् । स्थानीयदेखि प्रदेश छनोट पार गरी काठमाडौं आएर खेल्न थालेको पनि ४-५ वर्ष हुन लाग्यो । टेबलटेनिससमेत खेल्ने दुर्गालाई खेलकुदबाट सन्तुष्टि छ ।



पहिलो पुस्ताकी गीता र दोस्रो पुस्ताकी दुर्गा फरक क्षमता भएका खेलाडीको प्रतिनिधि पात्र हुन्, जसले अवसर पाए गर्नसक्छन् भन्ने प्रमाणित गरेका छन् । 'खेलकुदमा लागेपछि फिजिकल फिटनेस त हुने नै भयो । सामाजिक रुपमा सबैसँग घुलमिल हुने अवसर पाएका छौं,' गीता भन्छिन्, 'फरक क्षमता भएकालाई हेरिने नजर पनि बदलिएको छ । यिनीहरुले पनि खेल्न सक्ने रहेछन्, केही गर्न सक्ने रहेछन् भनेर सन्देश गएको छ । समाजमा पहिचान मिलेको छ ।'

गीताले नेपालको नेत्रहीन महिला टोलीबाट सन् २०१४ मा बेलायतविरुद्ध र सन् २०१९ मा पाकिस्तानविरुद्ध शृंखला खेलेकी छन् । पाकिस्तानविरुद्ध उसकै भूमिमा पाँच खेलको श्रृंखला जितेर आएपछि गीताले बिहीबार पहिलो पटक खेलेकी हुन् । अस्ट्रेलियाली दूताबासको आर्थिक सहयोग र नेत्रहीन क्रिकेट संघ (क्याब) नेपालको आयोजनामा भएको एकदिने प्रतियोगितामा दुई टिमले प्रतिस्पर्धा गरेका थिए ।

महिला र पुरुष मिसाएर टिम खेलाइएको थियो । लामो समयपछि खेल्दा सन्तुलन मिलाउन कठिन भएपनि खेल भएकोमा क्रिकेटरहरु खुसी देखिए । क्याबका अध्यक्ष पवन घिमिरे भन्छन्, 'खेलाडीले सामान्य रुपमा बाँच्न सिके । हामी पनि गर्न सक्छौं भन्ने आत्मविश्वास बढाए । अन्तर्राष्ट्रिय स्तरमा पुगेर साथीहरु बनाए । खेलाडीको क्षमताको प्रशंसा गरिरहँदा हामीले गरेको काममा गर्व लाग्छ ।' नेपालले विश्वकपसम्म पुगेपछि फरक क्षमता भएका नयाँ पुस्ताले क्रिकेट खेललाई रोज्न थालेका छन् । लोकप्रियता बढ्न थालेकोमा संस्थापकहरु खुसी देखिन्छन् ।

सुर्खेतकी दुर्गा आचार्य पनि नेपालको सफलता देखेर भविष्य खोज्न क्रिकेटमा आएकी हुन् । 'स्कुलबाटै खेल्न सुरु गरे पनि नियमित खेलेको ५ वर्षजति भयो,' दुर्गाले भनिन्, 'खेलकुदले अनुशासन र सामूहिक भावना सिकाउने रहेछ । शारीरिक र मानसिक रुपमा पनि स्वस्थ बनाउने रहेछ ।' क्रिकेटमा लागेपछि पहिचान र सम्मान दुवै पाएकोमा उनी खुसी छन् ।

'म यो खेलमा नलागेको भए कसैले चिन्दैनथे । तपाईंको र मेरो पनि भेट हुँदैनथ्यो । खेलाडी बनेपछि समाज र साथी सर्कलमा पहिचान पाएको छु,' भन्छिन्, 'आँखा नदेख्नेले पनि क्रिकेट खेल्ने रहेछन् भनेर थाहा पाउँदा सबैले सकारात्मक रुपमा लिन्छन् ।'

पुरुष टोलीबाट विश्वकप खेलिसकेका नेपालगञ्जका भरत चौलागाईं पनि नेत्रहीन क्रिकेटले जीवनप्रतिको धारणा परिवर्तन भएको बताउँछन् । 'हामीले शारीरिक रुपमा तन्दुरुस्त हुने मात्र होइन, अनुशासनमा हुन र एकजुट भएर काम गर्न सिकेका छौं । जीवनको दृष्टिकोण नै परिवर्तन भएको छ,' त्रिभुवन विश्वविद्यालयमा राजनीतिशास्त्रमा स्नातकोत्तर तेस्रो सेमेस्टरमा अध्ययनरत भरतले भने ।

**यसरी खेलिन्छ नेत्रहीन क्रिकेट**

नेत्रहीन क्रिकेटमा सामान्यत: क्रिकेटकै आधारभूत नियममा आधारित रहेर खेलिन्छ । साधारण क्रिकेट जस्तै नेत्रहीन क्रिकेटमा पनि बल र ब्याटकै प्रयोग हुन्छ । नेत्रहीन क्रिकेट कसरी खेलिन्छ होला भनेर धेरैलाई कौतुहलता होला । खेल्ने तरिका सामान्य क्रिकेट जस्तै भएपनि यसमा प्रयोग हुने बल, बलिङ गर्ने तरिका अनि रन लिने तरिका भने केही भिन्न हुन्छ ।

यसमा पनि खेलाडीले चौका-छक्का प्रहार गर्छन् । बोल्ड गर्छन् । क्याच लिन्छन् । रनआउट गर्छन् । बलभित्र बज्ने वस्तु राखिएको हुन्छ । मैदानमा बल गुड्दा आवाज आउँछ र त्यसैबाट खेलाडीहरुले बल कता जाँदैछ भनेर मेसो पाउँछन् । नेत्रहीनले खेल्ने बलमा कडा खालको प्लास्टिकभित्र साइकल चेनको टुक्राहरु राखेर बनाइएको हुन्छ । यस्ता बलहरु भारत र पाकिस्तानमा मात्र बन्छन् र नेपालमा त्यतैबाट ल्याइन्छ ।

नेत्रहीन क्रिकेटमा तीन क्याटेगोरीका खेलाडी हुन्छन्, 'बी' वान, 'बी' टु र 'बी' थ्री । बी वान क्याटेगोरीका खेलाडी पुरै नदेख्ने हुन्छन् । बी टु क्याटेगोरीका खेलाडीले ५ मिटरसम्म र बी थ्री क्याटेगोरीका खेलाडीले ५ देखि १० मिटरसम्म देख्छन् । एउटा टिममा 'बी' वान र 'बी' थ्री बाट समान ४ र 'बी' टु बाट ३ जना खेलाडी हुन्छन् । बी वान क्याटेगोरीका खेलाडीले ब्याटिङ गर्दा आफैं रन लिन नसक्ने भएकाले अन्य दुई क्याटेगोरीबाट रनरको रुपमा खेलाडी प्रयोग गर्न पाउँछन् । यस्तै बी टु ले पनि आवश्यक परेमा बी थ्री क्याटेगोरीका खेलाडी रनरको रुपमा राख्न पाउँछन् । बी वान क्याटेगोरीका खेलाडीले बनाएको रन समेत दोब्बर गणना हुन्छ । उनीहरुले एक रन प्रहार गर्दा बोनस स्वरुप एक रन पाउँछन् । यस्तै चौका हान्दा ८ रन र छक्का हान्दा १२ रन पाउँछन् ।

बी वान क्याटेगोरीको लागि बलको आवाज नै खेल्नको लागि एक मात्र माध्यम हुन्छ । ब्याटिङ गर्न बस्दा विपक्षीले बलिङ गरेको बल कता आउँदैछ भनेर बलको आवाज सुनेर ब्याट चलाउँछन् । फिल्डिङ गर्ने खेलाडीले पनि आवाजबाटै बल कता जाँदैछ भनेर थाहा पाउनेछन् । बलिङ गर्दा भने सोधेर बलिङ गर्छन् । विकेट किपर रेडी ? फिल्डर रेडी ? ब्याट्सम्यान रेडी ? भनेर सोधेपछि मात्रै बलिङ गर्नुपर्छ । बलरले बलिङ गर्दा स्टम्प छेउको लाइन कटाएर पहिलो बाउन्स गर्नुपर्छ । त्यसभन्दा अगाडि बल बाउन्स भएमा 'नो बल' हुनेछ । यस्तै पीचको बीच भागमा एउटा सेतो लाइन कोरिएको हुन्छ । त्यो लाइनभन्दा पर बाउन्स भएमा पनि 'नो बल' हुन्छ । यस्तै लाइनभन्दा वरै बल बाउन्स भएर धिधै ब्याट्सम्यानसम्म पुगेमा पनि 'नो बल' हुनेछ । -साभार: अनलाईनखबर

# पुरुषबाट महिला बनेकी एक मोडलको कथा

काठमाडौं/म बिहारको कटिहारमा सिख परिवारमा जन्मेको हुँ । म मोडल, अभिनेता तथा मिस ट्रान्सक्विन इन्डिया ब्यूटी पेजेन्टकी ब्राण्ड एम्बेसडर हुँ ।

म केटाको शरीरमा जन्मेकी थिएँ तर समय बितेपछि म अरूबाट अलग्गै भएको महसुस गर्न थालें । मेरो प्राण एउटा केटीको तर शरीर कतै केटाको थियो । यसले थुप्रै कठिनाइहरूको सामना गर्नुपर्‍यो । उमेर १४-१५ वर्ष भएको हुनुपर्छ । एक दिन उनी आफ्नी आमासँग बसिरहेकी थिएँ ।

मैले आमालाई भने कि म तपाईंलाई केही भन्न चाहन्छु । म यो शरीरमा खुसी छैन । म सधैं केटी भएजस्तो महसुस गरेको छु । मेरो यो शरीरले मेरो प्राणसँग मेल खाएन । म केटीको रूपमा आफ्नो जीवन जिउन चाहन्छु । मेरी आमाले भन्नुभयो, "छोरा" ये कुरा गर्नु साह्रै राम्रो हो तर यो कुरा पुरा गर्न जाँदा तिमीले संघर्ष गर्नु पर्नेछ र यसमा कसैले पनि तिमीलाई साथ दिने छैन । सायद तिम्रो आफ्नाले पनि साथ छोडिदिनेछ । मेरी आमाका शब्दहरू मेरो फदयमा कतै थिए ।

बाल्यकालमा कसैले पनि बच्चाको लिङ्गको बारेमा कुरा गर्दैनन् । म बिस्तारै हुर्किरहेको थिएँ, मेरो व्यवहार केटीहरूको जस्तै थियो । म हुर्कंदै जाँदा मानिसहरूले मेरो खिल्ली उडाउन थाले । मानिसहरूले मलाई गिज्याउनुको कारण मैले बुझ्नै सकिनँ । गाउँका मानिसहरूले मलाई ठट्टाको रूपमा लिए । बच्चाहरूले तँ बिना काम केटा भएर जन्मेको भन्थे, तँ केटी हुनुपर्ने, केटीहरूसँग बसेर बस्नुपर्छ । मैले १२ वर्षको उमेर मा पहिलो चोटि आफू केटी हुँ भनेर बुझैं । अजब म मेरा आमाबाबुसँग कतै जान्थें, आमाबाबुलाई मेरो अगाडि मजाक बनाइन्थ्यो । मेरा आमाबाबुले निकै अप्ठ्यारो परिस्थितिको सामना गर्नुपर्‍यो । म पत्रकारको परिवारको सदस्य हुँ । तर मलाई



मेरो कुरा मानिसहरूसम्म पुर्‍याउन गाह्रो भयो ! मेरी आमाले मेरो जीवनमा सधैं सहयोग गर्नुभएको छ तर त्यतिबेला बुबाले धेरै सहयोग गर्नुभएन । बुबाको कारण म १८ वर्षको उमेरमा मुम्बई आएँ । मैले आफ्नो बी कम पढाई पनि पुरा गर्न सकिन । किनकी त्यो बेला मेरो फेमिनिटी मेरो बुबालाई खासै मन परेन । मेरो बसाइ, हिँडाइ, खुवाइ सबै केटीहरू जस्तै थिए, जबकि बुवालाई यी कुराहरू खासै मन परेको थिएन । बुबाले तिमी यहाँ बस्यौ झन् बिग्रन्छौं भन्दै मुम्बईमा सानी आमाकोमा पठाउनुभयो ।

१८ वर्षको उमेरमा म आफ्नो सानीमासँग मुम्बई आएँ । यहींबाट मेरो रियल ट्रान्स वुमेन यात्रा सुरु भयो । जुनकुरा मेरो आमाबाबुले १८ वर्षसम्म बुझ्न सकेनन्, मेरी सानीमाले १८ घण्टामै बुझ्नुभयो । मेरी सानीमाले मलाई एनजीओ र डाक्टरकहाँ लग्नुभयो । हामीले एउटा सल्लाह पायौं । डाक्टरले मलाई यो गलत शरीरमा छ भनेर बताउनुभयो । यदि मलाई स्त्रीको रूपमा आफ्नो जीवन बिताउन दिइयो भने मेरोको जीवन अझ सजिलो हुने वहाँको भनाइ थियो । आजको मितिमा विज्ञानमा यति धेरै प्रगति भएको छ कि हामी सही काम गर्न सक्छौं । डाक्टरको सल्लाहमा मैले हर्मोन थेरापी गर्न थाले । यसले परिवर्तन सुरु भयो र म बिस्तारै केटी भएँ । आज, म केटी भएको कम्तीमा १० देखि १२ वर्ष भयो ।

म घरको सबैभन्दा जेठो छोरा थिएँ । बुबालाई लाग्यो, आउँदो समयमा म त्यो घरको कुलवंश हुनेछु । तर जब बुबाले मेरो सोचाइ अर्कै रहेछ भन्ने कुरा थाह पाउनुभयो, वहाँ स्तब्ध हुनुभयो । मेरो बुबा खुसी हुनुभएन । तर भगवानले केही लेखेर पठाउँछन् भन्नुहुन्थ्यो । बुवासँग म मुम्बई आएँ ।

बुबाले डाक्टरसित सल्लाह गर्नुभयो । डेढ-दुई घन्टापछि डाक्टरको कोठाबाट बाहिर निस्किँदा बुवाको आँखामा पश्चतापको आँसु थियो । बुवा आफैले अँगालो हालेर भन्नुभयो, तिमी केटा होस् या केटी, तिमी मेरो बच्चा हौ । हाम्रो यो बच्चालाई हामी जीवनबाट अलग हुन दिनेछैनौं । यो मेरो लागि एकदमै ठूलो कुरा थियो । आज पनि त्यो क्षण सम्झँदा मेरो आँखामा आँसु आउँछ ।

किनभने मलाई थाहा छ, मेरा आमाबाबुबाट टाढा हुन कति गाह्रो छ । साथै, मेरो लागि सबैभन्दा खुसीको कुरा भनेको मेरो बुबाले मलाई स्वीकार्नु थियो ।

मलाई सन् २०१६ मा भारतको प्रमुख पत्रिकाबाट मोडलको रूपमा पहिलो जागिर दिने प्रस्ताव आयो । त्यसपछि बिस्तारै अगाडि बढ्न थालेपछि सावधान इन्डियामा ट्रान्स वुमेन मोनाको प्रमुख भूमिका प्राप्त भयो ।

अगाडि बढ्दै गर्दा सन् २०१७ मा मिस ट्रान्सक्विन इन्डिया ब्यूटी पेजेन्टको बारेमा थाहा पाएँ । यो भारतको एक मात्र ट्रान्स-महिला सौन्दर्य प्रतियोगीता थियो, जुन पहिलो पटक गरिएको थियो । यो पेजेन्टमा भाग लिएपछि शीर्ष-५ प्रतियोगी भएँ । उनीहरूले मलाई मिस ट्रान्सक्विनको ब्रान्ड एम्बेसडर बनाए ।

विगत चार वर्षदेखि म यसको ब्रान्डिङ गर्दै आएकी छु । मेरो जीवन एकदमै संघर्षपूर्ण छ । म ट्रान्सजेण्डर हुँ, त्यसैले जब म समुदायमा आएँ, मलाई थाहा भयो कि यहाँ शिक्षाको ठूलो अभाव छ । शरीरमा परिवर्तन भएपछि पहिलो पटक घर गएँ ।

त्यतिबेला धेरै मानिसहरू मलाई भेट्न आइरहेका थिए । गाउँमा जसरी नयाँ दुलही आउँछन् नि, त्यसरी नै उनीहरु हेर्न आउँथे । त्यतिबेला म हाँसिरहेकी थिएँ । कुनै समय थियो जब मानिसहरू मलाई भेट्न आउँदैन थिए । आज म स्त्री बनेर आएपछि मानिसहरू मलाई भेट्न आए । त्यो कुरा मलाई अलि अनौठो लाग्यो, तर यो ठिकै थियो । हो, मेरो अस्तित्व छ भनेर कम्तीमा पनि मानिसहरूले बुझेकोमा म खुसी थिएँ । -साभार: रातोपाटी

# मृतकका परिवारलाई १८ लाख क्षतिपूर्ति

मुग्लिन/फिस्लिङ-शक्तिखोर सडक खण्डअन्तर्गत चितवनको इच्छाकामना गाउँपालिका-२ रमाइलो डाँडामा शुक्रबार सवारी दुर्घटनामा परी मृत्यु भएकाको परिवारलाई १८ लाख क्षतिपूर्ति दिने सहमति भएको छ । इलाका प्रहरी कार्यालय टाँडीमा पीडित पक्ष र सवारीसाधनका धनीबीच उक्त क्षतिपूर्ति दिने सहमति भएको हो । यसअघि पीडित पक्षले क्षतिपूर्तिको माग गर्दै शव बुझ्न अस्वीकार गर्दै आएको थियो ।

मृतकका आफन्त अञ्जान गुरुङका अनुसार दुर्घटनाको तीन दिनपछि मृतकको शव आइतबार उनका परिवारजनले बुझेका छन् । शुक्रबार साँझ शक्तिखोर-फिस्लिङ सडकखण्डअन्तर्गत इच्छाकामना गाउँपालिका-२ वर्ल्याङबाट शक्तिखोर तर्फ जाँदै गरेको प्रदेश २-०३-००२ प ५९८६ नं को मोटरसाइकल र विपरीत दिशाबाट आउँदै गरेको ना१क ८१०८ नं को ट्यांकर इच्छाकामना-२ रमाइलो डाडाँमा एकापसमा ठोक्किँदा मोटरसाइकलमा सवार तीन जनाको घटनास्थलमै मृत्यु भएको थियो ।

*-साभार: अनलाईनखबर*

# चैतभित्रै मेलम्ची ल्याउन भरमग्दुर प्रयास

काठमाडौं/आगामी चैत मसान्तभित्र मेलम्ची खानेपानी पुन: काठमाडौं ल्याउने तयारी गरिएको छ । मेलम्ची खानेपानी विकास समितिका कार्यकारी निर्देशक वासुदेव पौडेलका अनुसार हालसम्म ६० प्रतिशतभन्दा बढी मर्मत कार्य पूरा भएको र चैत मसान्तसम्म काठमाडौं मा मेलम्चीको पानी ल्याउन भरमग्दुर प्रयास भइरहेको छ ।

साँघुरो ठाउँमा यन्त्र उपकरण लैजान नसकिएको र जनशक्ति परिचालन गर्न पनि कठिनाइ भइरहेको उल्लेख गर्दै कार्यकारी निर्देशक पौडेलले भने, 'एक्स्याभेटरबाट ठूलाठूला ढुंगा फुटाउन सकिएन, त्यसलाई विस्फोटक पदार्थ प्रयोग गरी फुटाइयो, जति भित्र गयो उति काम गर्न कठिन हुँदै आएको स्थिति छ ।'

जतिसुकै कठिन अवस्था भए पनि सक्दो छिटो काम सकाउन (ढुंगा, बालुवा, जमेको लेदो हटाउन) आफूहरु प्रयासरत रहेको पनि उनले बताए । मेलम्ची खानेपानीको संरचना क्षेत्रमाथिबाट ओइरिएको गेगरान (ढुंगा, माटो, बालुवा, लेदो) ले आयोजनाको मुहान क्षेत्रमा नराम्रो क्षति गरेको थियो । अस्थायी बाँध राखेर मेलम्चीको पानीलाई सुरुङमा पठाएर काठमाडौं उपत्यकामा खानेपानी वितरण भइरहेको थियो ।

बाढी आउने एक दिनअघि परीक्षणका लागि मुख्य सुरुङको ढोका बन्द गरिएको थियो । मुख्य सुरुङको ढोका बन्द गरिएकै कारण मेलम्चीमा त्यति ठूलो विनाश हुन पाएन । यसअघि समितिले तयार पारेको 'आयोजना पुन:स्थापना कार्यायोजना' ले मेलम्चीको पानी आगामी (२०७९) जेठमा पूरा हुने लक्ष्य लिएको थियो । वर्षायामभरि कुनै पनि काम गर्न



नसकिएको र हिउँद लागेपछि मात्र गेगरान हटाउने, बगाइएका प्रवेश मार्ग बनाउने काम सुरु हुने भएकाले करिब एक वर्ष मेलम्चीको पानी काठमाडौं ल्याउन नसकिने आँकलन थियो ।

गत असार १ गते मेलम्ची खोलामा आएको बाढीले मेलम्ची बजारदेखि हेडवर्क्सक्षेत्र अम्बाथानसम्मको २२ किलोमिटरमध्ये आठ किलोमिटर र याङ्रीतर्फ पनि पाँच किलोमिटर सडक पूर्ण क्षति भएको थियो । बाढीले उक्त सडक खण्डमा पर्ने ६ वटा पक्की पुल बगाएको थियो । बाढीले हेडवर्क्स डाइभर्सन टनेलको दुई सय १० मिटर खण्ड र अम्बाथान अडिट टनेल (मुख्य सुरुङ जाने बाटो) को तीन सय मिटर खण्डमा लेदो भरिएको थियो ।

हेडवर्क्समा पक्की बाँध, गेटहरु, जेनेरेटर घर र नियन्त्रण गृहजस्ता पक्की संरचनाहरु पुरिएका थिए । निर्माण सामग्री र उपकरणहरु बगाएको उक्त बाढीले ठेकेदारको मजदुर क्याम्प पनि बगाएको थियो ।

आयोजनाको अनुमान अनुसार एक अर्ब ८८ करोड रुपैयाँको क्षति पुगेको थियो । ठेक्कामा बीमाको व्यवस्था गरिएको हुनाले ठेकेदारले नै बीमा दाबी गर्न पाउने कार्यकारी निर्देशक पौडेलले बताए ।

आयोजनाको मुख्य सुरुङको परीक्षण सञ्चालन कार्यानिम्ति गत फागुन १० गतेदेखि सुरुङमा पानी सञ्चालन गरिएको थियो । गत २०७७ चैत दोस्रो सातादेखि असार १ गतेसम्म दैनिक १७ करोड लिटर प्रशोधित पानी काठमाडौं उपत्यकामा वितरण गरिएको थियो ।

सुरुङका प्राविधिक निरीक्षणका लागि गत असार १ गतेबाट पानी सञ्चालन बन्द गरिएको थियो । हालसम्म ३० अर्ब १५ करोड ६२ लाख रुपैयाँ खर्च भएर आयोजनाको भौतिक प्रगति ९९ प्रतिशत सकिएपछि बाढीको विनाशका कारण पूर्ण रुपमा मेलम्ची पूरा गर्न २०८० सालसम्म लाग्ने अनुमान गरिएको छ ।

-साभार: इकागज


## के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

एक बर्षको वारेन्टीका साथै दुई बर्ष फ्रि सर्भिस पनि गरिन्छ प्रिन्टर किन्दा एउटा कार्टेज सित्तैमा लैजानुहोस् ।

Printer Shop

The complete office solution

Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4

tonerhouse_htd@yahoo.com


# ७ नगरपालिका उत्कृष्ट घोषित



काठमाडौं/नेपाल नगरपालिका संघले पाँच विधामा ७ नगरपालिकालाई उत्कृष्ट घोषणा गरेको छ । २९ औं बार्षिक उत्सवको अवसर पारेर आइतबार संघले उत्कृष्ट नगर पालिकाहरु घोषणा गरेको हो । संघका अनुसार संस्थागत विकास, सेवा प्रवाह तथा वित्तीय सुशासनतर्फ स्याङ्जाका वालिङ र पुतलीबजार नगरपालिका उत्कृष्ट भएका छन् । यस्तै शहरी योजना, पूर्वाधार विकास तथा विपद् व्यवस्थापनतर्फ धादिङको निकलण्ठ नगरपालिका तथा वन वातावरण, जयवायु परिवर्तनतर्फ इलाम नगरपालिका उत्कृष्ट बनेको छ ।

यस्तै स्थानीय आर्थिक विकासतर्फ सर्लाहीको हरिवन नगरपालिका र सामाजिक विकासतर्फ रुपन्देहीको तिलोत्तमा र चितवनको राप्ती नगरपालिका उत्कृष्ट बनेका छन् । -अलाईन


सुवर्ण अवसर !!! सुवर्ण अवसर!!! सुवर्ण अवसर!!!

## बिभिन्न प्राबिधिक बिषयका नि:शुल्क तालिम समबन्धी सूचना

नेपाल सरकार, शिक्षा विज्ञान प्रविधि मन्त्रालय, इभेन्ट परियोजना दोश्रोको सहयोगमा यस क्रियटिभ स्कील्स प्रा.लि.द्धारा मिति २०७८/१२/१५ देखि २०७९/०३/१९ सम्म तपसिलका विषयहरुमा रोजगारीको सुनिश्चततासहित सिटिईभिटीको पाठयक्रम अनुसार तह-१ (३९० घण्टे) खाजासहित नि:शुल्क तालिम सञ्चालन गरिने भएकोले तालिम लिन ईच्छुक व्यक्तिहरुले यस संस्थामा मिती २०७८/१२/१० सम्ममा आवेदन दिनहुन अनुरोध छ । आवेदन फारम यस संस्थाको हेटौंडास्थित कार्यालयमा नि:शुल्क प्राप्त गर्न सकिनेछ । तालिममा प्रशिक्षार्थी हुन निम्न बमोजिमको योग्यता हुनुपर्ने छ ।

- सामाजिक तथा आर्थिक रुपले विपन्न
- नेपाली नागरिक (उमेरको हकमा १६ वर्ष देखि ४० वर्ष सम्मका महिला तथा पुरुष)
- तालिमका लागि कम्तीमा साक्षर हुनुपर्नेछ ।

**प्राथमिकतामा पर्ने समुहहरू :**

लोपोन्मुख, अति सीमान्तकृत तथा सीमान्तकृत जनजाती, महिला, आदिवासी जनजाती, मुस्लिम, गरिब मधेशी, दलित, अपङ्गता भएका व्यक्ति तथा बैदेशिक रोजगारबाट फर्किएका बेरोजगार युवाहरु तथा मानव विकास सुचांकमा पछि परेका जिल्लाहरुका गरिब बेरोजगार युवाहरु । तालिम पश्चात सीप परीक्षणका साथै रोजगारीमा समेत सहजीकरण गरिनेछ ।

**तालिम सञ्चालन हुने विषयहरू**

| विषय | तालिम सञ्चालन हुने स्थान | कैफियत |
|---|---|---|
| बिल्डिङ्ग ईलेक्ट्रिसियन तह-१ | हेटौडा-१३ (२० जना) | |
| टेलरिङ्ग तह-१ | हेटौडा-१ (२० जना) | |

**तालिम दिने संस्थाको सर्म्पक ब्यक्ति र ठेगाना**

| मुख्य कार्यालय | शाखा कार्यालय |
|---|---|
| क्रियटिभ स्कील्स प्रा.लि.<br>बिरगंज-०८, पानीटंकी, पर्सा<br>फोन नं.०५१५३०२२५, मो.नं.९८०२९३०२२५ | हेटौडा, मकवानपुर<br>मो.न.९८०२९२९६०१, ९८४५०२९६०१<br>इलेक्ट्रीसियनका लागि: ९८६०६३५०५२, (मिनु)<br>टेलरिङ्ग: ९८४५०७१२७१ (स्वस्ती दिदी) |


# सेयर बजार परिसूचक १०१ अंकले बढ्यो

काठमाडौं/आइतबार साताको पहिलो कारोबार दिन नेपाल स्टक एक्सचेञ्ज (नेप्से) १०१ अंकले बढेको छ । केही समययता निरन्तर घट्दै २५ सय अंकभन्दा तल आइपुगेको नेप्से १०१ अंकले बढ्दै पुन: २६ सय ६७ अंकमा पुगेको हो ।

यसक्रममा आइतबार ४ अर्ब ८७ करोड रुपैयाँ बराबरको ९० लाख २२ हजार कित्ता सेयर किनबेच भएको छ । नेप्से परिसूचक १०० भन्दा बढी अंकले बढेपनि कारोबार रकम भने नबढेको हो । यसअघि, गत साताको विहीबार ५२ अंकले बढेको थियो ।

परिसूचकमा उत्साहजनक सुधार आएको दिन आइतबार कारोबार भएका सबै १३ वटै समूहमा उत्साहजनक वृद्धि आएको छ । जसमध्ये जिवन बीमा समूहमा ९२२ अंकको सुधार आएको छ भने निर्जीवन बीमा समूहमा ५६७ अंकको सुधार आएको छ ।

यसैगरी, उत्पादनमूलक समूहमा ३०८ अंकको सुधार आउँदा विकास बैंक समूह २१० अंकले बढेको छ । यस्तै, लघुवित्त समूह १६३ अंकले बढेको छ भने होटल एण्ड टुरिजम १५८ अंकले बढेको छ ।

आइतबार नेप्सेमा तीन वटा कम्पनीको सेयर मूल्य १० प्रतिशतले बढ्दै सकरात्मक सर्किट लागेको छ । यस्तै, थप ५ वटा कम्पनीको सेयर मूल्य ९ प्रतिशतभन्दा बढीले उकालो लागेको नेप्सेले जानकारी दिएको छ । -साभार: रातोपाटी

# वाणिज्य बैंकहरुको नाफा ४० अर्ब नाघ्यो

काठमाडौं/चालु आर्थिक वर्षको ७ महिनामा वाणिज्य बैंकहरूको नाफा ४० अर्ब पुगेको छ । नेपाल राष्ट्र बैंकले प्रकाशित गरेको वाणिज्य बैंकहरूको मासिक तथ्यांकअनुसार वाणिज्य बैंकहरूको खुद मुनाफा ४० अर्ब २५ करोड पुगेको छ ।

गत आर्थिक वर्षको सोही अवधिमा २७ वाणिज्य बैंकको नाफा ३५ अर्ब ९६ करोड थियो । सात महिनामा ग्लोबल आईएमई बैंकले ३ अर्ब बढी नाफा आर्जन गर्दा एनआईसी एसिया बैंकले २ अर्ब ८६ करोड नाफा आर्जन गरेको छ । यस्तै तेस्रो धेरै नाफा नबिल बैंकले आर्जन गरेको छ । नबिल बैंकले यस अवधिमा २ अर्ब ६२ करोड नाफा आर्जन गरेको छ ।

यस्तै पूर्ण सरकारी स्वामित्वको राष्ट्रिय वाणिज्य बैंक र प्राइम कमर्सियल बैंकको नाफा पनि ७ महिनामा २ अर्ब नाघेको छ । राष्ट्रिय वाणिज्य बैंकले २ अर्ब २८ करोड र प्राइम कमर्सियल बैंकले २ अर्ब १६ करोड रुपैयाँ मुनाफा आर्जन गरेका छन् । सबैभन्दा धेरै चुक्ता पुँजी भएको ग्लोबल आईएमई बैंक नाफामा पनि अगाडि देखिएको छ । बैंकको चुक्ता पुँजी सबैभन्दा धेरै २३ अर्ब ७९ करोड भन्दा बढी छ ।

नेपाल एसबीआई बैंक, लक्ष्मी बैंक, सनराइज बैंक र नेपाल बंगलादेश बैंकको मुनाफा पनि १ अर्ब भन्दा तल छ । -साभार: बाह्रखरी

# चितवनलाई हराउँदै ललितपुर क्वाटरमा

साझाकुरा संवाददाता

हेटौंडा, २९ फागुन/हेटौंडामा जारी बागमती प्रदेशस्तरीय खेलकुद प्रतियोगिताअन्तर्गत् नकआउट चरणमा खेलाइएको फुटबलमा ललितपुरले विजयी सुरुवात गरेको छ ।

आइतबार हेटौंडा-५, क्याम्पा रंगशालामा भएको पहिलो खेलमा ललितपुरले १-० गोलले चितवनलाई पराजित गर्दै क्वाटरफाइनल यात्रा तय गरेको छ । ललितपुरका बसन्त तामाङले खेलको दोस्रो हाफमा निर्णायक गोल गर्दै टिमलाई अग्रता दिलाए ।

खेलको ६८ औं मिनेटमा तामाङले सेन्टरबाट गरेको लामो प्रहारले सिधै जाली चुमेको थियो । विपक्षी गोलरक्षक प्रदीप भण्डारी अगाडि बढेको मौका छोप्दै उनले बल प्रहार गरे । पहिलो हाफमा बराबरी खेलेका चितवन र ललितपुरले आधा दर्जन गोल गर्ने मौकालाई खेर फाले ।

दोस्रो हाफको ७० औं मिनेटमा ललितपुरका बिक्की महर्जनको पासलाई अनिल भोम्जनले डिबक्सभित्र एक्लै भएको मौकामा पनि सदुपयोग गर्न सकेनन् । चितवनका सुरेश कुमालले खेलको ८२ औं मिनेटमा डिबक्सभित्रबाट प्रहारगरेको बललाई विपक्षी खेलाडी यमनबहादुर पुटवारले क्लियर गरे । खेलको अन्तिम समयमा महर्जनले डिबक्सभित्रबाट हानेको बल पोष्ट नजिकबाट बाहिरिएपछि ललितपुर अग्रता दोब्बर गर्नबाट चुक्यो ।

खेलका निर्णायक गोलकर्ता तामाङ म्यान अफ दी म्याच चुनिएका छन् । प्रतियोगिताअन्तर्गत् आज सोमबार दुई खेल हुने आयोजकले जानकारी दिएको छ । पहिला खेलमा रामेछाप र सिन्धुपाल्चोक र दोस्रो खेल मकवानपुर र नुवाकोटबीच प्रतिस्पर्धा हुने फुटबल खेल संयोजक कल्पना शर्माले जानकारी दिइन् । प्रदेश खेलकुद विकास परिषद् बागमतीले मकवानपुरसहित पाँच जिल्लामा प्रतियोगिता गरिरहेको छ ।

यसैगरी प्रतियोगिताअन्तर्गत् हेटौंडामा ब्याडमिन्टन खेल भएको छ । ब्याडमिन्टनमा पुरुषतर्फ चितवन, सिन्धुली, रसुवा, काभ्रेपलान्चोक, ललितपुर, रामेछाप, धादिङ र नुवाकोट जिल्ला क्वाटरफाइनलमा प्रवेश गरेका छन् । आइतबार एकैदिन ब्याडमिन्टनमा ३० वटा प्रतिस्पर्धा भएका थिए । चितवनले काठमाडौंलाई, काभ्रेले मकवानपुरलाई, ललितपुरले सिन्धुपाल्चोकलाई, रामेछापले दोलखालाई र धादिङले भक्तपुरलाई सोझो सेटमै पराजित गरेको अफिसियल राम विनय श्रेष्ठले जानकारी दिए ।

महिलातर्फ चितवन, धादिङ, ललितपुर, भक्तपुर, सिन्धुपाल्चोक, नुवाकोट, मकवानपुर र दोलखा जिल्ला क्वाटरफाइनलमा प्रवेश गरेका छन् । आज सोमबारदेखि क्वाटरफाइनलका खेल हुनेछ । हेटौंडामा ५ चैतबाट तेक्वान्दो प्रतियोगिता सुरु हुनेछ । चितवनमा सोमबारबाट भलिबल र क्रिकेट खेल खेलाइने परिषद्का सदस्य सचिव सुर्यलाल भणडारीले जानकारी दिए । सिन्धुपाल्चोकमा ७ चैतबाट कराँते खेल, काठमाडौंमा चैत ६ गतेदेखि एथ्लेटिक्स प्रतियोगिता हुनेछ । काभ्रेमा चैत ७ गतेदेखि महिला फुटबल र ९ गतेदेखि बक्सिङ खेल हुने परिषद्ले जनाएको छ ।

# मुख्यमन्त्री पाण्डेको अवैतनिक सल्लाहकारमा सुमार्गी



साझाकुरा संवाददाता

हेटौंडा, २९ फागुन/नेपाल उद्योग वाणिज्य महासंघका केन्द्रीय सदस्य अरुणराज सुमार्गी बागमती प्रदेशको मुख्यमन्त्री राजेन्द्र प्रसाद पाण्डेको अवैतनिक सल्लाहकारमा नियुक्त भएका छन् ।

मुख्यमन्त्री पाण्डेले हेटौंडाका सुमार्गीलाई आफ्नो अवैतनिक सल्लाहकार चयन गरेका हुन् । मुख्यमन्त्री पाण्डेले सुमार्गीलाइ अवैतनिक सल्लाहकार र विज्ञ नियुक्ति सम्बन्धि कार्यविधी २०७८ अनुसार अवैतनिक सल्लाहकार चयन गरेका हुन् । प्रदेश सरकारबाट हुने कार्यसम्पादनलाई प्रभावकारी बनाउन आवश्यक पर्ने सल्लाह सुझावको लागि सुमार्गीलाइ सल्लाहकार चयन गरिएको जनाइएको छ ।

फागुन ५ गते बसेको मन्त्रीपरिषद् बैठकले आवश्यक परेको खण्डमा अवैतनिक सल्लाहकार चयन गर्नसक्ने निर्णय गरेको थियो । सुमार्गी उद्योग वाणिज्य संघ मकवानपुरका अध्यक्षसमेत हुन् । उनी नेपाल उद्योग वाणिज्य महासंघअन्तर्गत्को कृषि उद्यम तथा अनुसन्धान केन्द्रका सभापतिपनि थिए ।

# विकट धियालका वृद्धवृद्धालाई जस्तापाता

साझाकुरा संवाददाता

हेटौंडा, २९ फागुन/पूर्वीमकवानपुरको विकट मानिने धियालका वृद्धवृद्धालाई घरको छाना फेर्न जस्तापाता सहयोग गरिएको छ ।

दुई अशक्त छोराको पालनपोषणसँगै प्लाष्टिकको छाना बनाएर कष्टपूर्ण जिवनयापन गर्दै आएका विपन्न वृद्धवृद्धालाई घरमा छाना हाल्न सहयोगी मन नेपाल नामक संस्थाले जस्तापाता दिएको हो । बकैया गाउँपालिका-१ तेर्सो बाटोका ६५ वर्षीय जयबहादुर थिङको परिवारलाई सहयोगी मन नेपाल, मकवानपुर र हेटौंडास्थित क्रियशन मिडिया एण्ड इभेन्ट म्यानेजमेन्ट प्रालिले आइतबार जस्तापाता उपलब्ध गराएको हो । सहयोगी मनका अध्यक्ष केदारप्रसाद चौलागाईको आर्थिक सहयोगमाक्रियशन मिडियाले जस्तापाता उपलब्ध गराएको हो । आर्थिक अवस्था कमजोर भएपछि थिङ परिवारको बसोबासका लागिपनि स्थानीयले नै घामपानीबाट बच्ने गरी घर बनाइदिएको छिमेकी दावाबहादुर भोलनले बताए । धियान क्षेत्रमा धेरै परिवार कष्टपूर्ण जिवन बिताउन बाध्य भएको स्थानीयले गुनासो गरेका छन् ।

दुग्ध विकास संस्थान

**डिडिसि पशु आहारा उत्पादन कारखाना, हेटौंडा**

पशु दाना ढुवानी सेवा खरिदको दरभाउपत्र आह्वानको सूचना

दरभाउपत्र सूचना नं. डिडिसि/सीएफ/ढुवानी/०७८/०७९-१३

प्रथमपटक प्रकाशित मिति: २०७८/११/३०

१. यस कारखानाबाट उत्पादित पशु दाना विभिन्न स्थानहरुमा १० टन क्षमताको ट्रकबाट ढुवानी गराउनुपर्ने भएकोले सम्बन्धित निकायमा दर्ता भएका ढुवानी सेवासम्बन्धी व्यवसाय गर्ने ढुवानीकर्ताहरुबाट ढुवानी सेवा (चालक र हेल्परसहित) खरिद गर्न यो दरभाउपत्र आह्वानको सूचना प्रकाशित गरिएको छ । पशुदाना ढुवानी गर्नुपर्ने स्थानहरुको विवरण दरभाउपत्र फाराममा उल्लेख गरिएको छ ।
२. दरभाउपत्रसम्बन्धी कागजात खरिद गर्न चाहने ढुवानीकर्ताले लिखित आवेदनसहित यस कारखानाको कार्यालय सिसौघारी, हेटौंडा वा हेटौंडा औद्योगिक क्षेत्रस्थित हेटौंडा दुग्ध वितरण आयोजनामा रु.१०००।- (एकहजार रुपियाँ) (फिर्ता नहुने) बुझाई यो सूचना प्रथमपटक प्रकाशित भएको मितिले १५ औं दिन अर्थात् २०७८/१२/१४ गते कार्यालय समयभित्र खरिद गर्न सकिनेछ ।
३. दरभाउपत्रदाताले दरभाउपत्र साथ दरभाउपत्र जमानतवापत आफूले कबोल गरेको जम्मा मूल्यको २.५ प्रतिशतले हुने रकम नगदै हिमालयन बैंक लि., हेटौंडामा रहेको यस कारखानाको खाता च.हि.नं. ०११०५७२३२८००१७ मा जम्मा गरेको सक्कल बैंक भौचर वा दरभाउपत्र दाखिला गर्ने अन्तिम मितिबाट कम्तिमा ७५ दिन म्याद भएको ने.रा.बैंकबाट इजाजत प्राप्त वाणिज्य बैंक वा वित्तीय संस्थाबाट जारी भएको सक्कल जमानतपत्र दरभाउपत्र साथ संलग्न भई आउनुपर्नेछ ।
४. शिलबन्दी गरिएको दरभाउपत्र डिडिसि पशु आहारा उत्पादन कारखाना सिसौघारी, हेटौंडामा १६ औं दिन अर्थात् मिति २०७८/१२/१५ गते दिनको १२.०० बजेभित्र बुझाउनु पर्नेछ । तोकिएको समयपछि प्राप्त दरभाउपत्र स्वीकार गरिने छैन ।
५. दाखिला भएको सिलबन्दी दरभाउपत्र मिति २०७८/१२/१५ गते दिनको २ बजे उपस्थित हुन चाहेका दरभाउपत्रदाता वा निजको प्रतिनिधिको रोहवरमा डिडिसि पशु आहारा उत्पादन कारखानाको कार्यालय, सिसौघारी हेटौंडामा खोलिनेछ । दरभाउपत्रदाता वा निजको प्रतिनिधिको अनुपस्थितिमा दरभाउपत्र खोल्न बाधा पर्ने छैन र पछि कुनै उजुर लाग्ने छैन ।
६. दरभाउपत्र खरिद गर्ने, दाखिला गर्ने एवम् खोल्ने अन्तिम दिन सार्वजनिक बिदा परेमा पछि कार्यालय खुलेको पहिलो दिन सोही समयमा उक्त कार्य हुनेछ ।
७. दरभाउपत्र स्वीकृत गर्ने, रद्द गर्ने र आंशिकरुपमा स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कारखानामा सुरक्षित रहनेछ ।
८. यस सम्बन्धमा थप कुरा बुझ्नु पर्ने भएमा कार्यालय समयभित्र यस कारखानाको कार्यालय हेटौंडा, सिसौघारीमा सम्पर्क राख्न सकिन्छ ।

दुग्ध विकास संस्थान
**डिडिसि पशु आहारा उत्पादन कारखाना**
सिशौघारी, हेटौंडा
फोन नं.: ०५७-५२०३८५

# लागूऔषधसहित ७ जना पक्राउ



साझाकुरा संवाददाता

हेटौंडा, २९ फागुन/जिल्ला प्रहरी कार्यालय मकवानपुर र मातहतका कार्यालयबाट लागूऔषधमा संलग्न आरोपित ७ जना पक्राउ परेका छन् ।

जिल्लाको हेटौंडा, मनहरी र भिमफेदीबाट विभिन्न लागुऔषधसहित ७ जना प्रहरीको फन्दामा परेका हुन् । भिमफेदी गाउँपालिका-२ भैंसेबाट २ केजी २ सय ग्राम प्रतिबन्धित लागुऔषध गाँजासहित कैलाश गाउँपालिका ४ बस्ने १९ वर्षीय अमृत मोक्तान र कैलाशकै एक किशोर पक्राउ परेका छन् ।

नामटारबाट हेटौंडातर्फ आउँदै गरेको ना ४ ख ४०२४ नम्बरको बसलाई जाँच गर्ने क्रममा बसमा सवार उनीहरुको साथबाट प्रहरी चौकी भैंसेबाट खटिएको प्रहरी टोलीले ठूलो परिमाणको गाँजा बरामद गरेको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जानकारी दिएको छ ।

मकवानपुर प्रहरीबाट खटिएको प्रहरी टोलीले हेटौंडा-१० बसपार्कबाट प्रतिबन्धित औषधि लागुऔषधसहित दुई जनालाई पक्राउ गरेको जनाइएको छ । चितवन राप्ती नगरपालिका-८ बस्ने २६ वर्षीय अमृत सुनार र खैरहनी नगरपालिका-७ बस्ने २७ वर्षीय किसन विश्वकर्मा पक्राउ परेका हुन् । प्रहरीले सडकमा शंकास्पद रुपमा हिँडिरहेका उनीहरुको साथबाट डायजेपाम १७ एम्पुल, फेनर्गन १९ एम्पुल र नोफिन १५ एम्पुल र लागुऔषध खैरो हिरोईन जस्तो देखिने पदार्थ २ सय ४० मिली ग्राम बरामद गरेको जनाएको छ ।

यस्तै, ईलाका प्रहरी कार्यालय मनहरीबाट खटिएको प्रहरी टोलीले मनहरी गाउँपालिका-७ स्थित चैनपुरबाट २७ फागुनमा लागुऔषध गाँजासहित तिन जनालाई नियन्त्रणमा लिएको छ । एकसय ८० किलो गाँजासहित हेटौडा-१६ बस्ने २९ वर्षीय बुद्धिमान वाइवा, सोही स्थानका २९ वर्षीय अर्जुन स्याङतान र ३० वर्षीय बिनोद पाखिन पक्राउ परेको मकवानपुर प्रहरीले जानकारी दिएको छ ।

चैनपुरबाट हेटौडातर्फ आउँदै गरेको बा ७ च १६०६ नम्बरको पिकअप गाडीलाई जाँच गर्दा गाँजा एक सय ८० किलो फेला परेको जिप्रका मकवानपुरका निमित्त प्रवक्ता तथा प्रहरी निरीक्षक राजकुमार सापकोटाले बताए ।

# मदिरा व्यवसायी संघमा खत्री

साझाकुरा संवाददाता

हेटौंडा/मदिरा व्यवसायी संघ मकवानपुरको अध्यक्षमा दीपक खत्री सर्वसम्मत निर्वाचित भएका छन् । शनिबार संघको अध्यक्ष समेन्द्र पौडेलको सभाध्यक्षता तथा नेपाल मदिरा व्यवसायी महासंघका वरिष्ठ उपाध्यक्ष विष्णुकुमार श्रेष्ठको प्रमुख आतिथ्यतामा सम्पन्न १० औं वार्षिक साधारणसभा तथा चौथो अधिवेशनबाट खत्रीको नेतृत्वमा नयाँ कार्यसमिति चयन भएको हो ।

संघमा केदार श्रेष्ठ उपाध्यक्ष, राजकुमार केसी महासचिव, बिक्रम बस्नेत सचिव, सन्दीप कुमार टिबरेवाल कोषाध्यक्ष र कार्यसमिति सदस्यहरुमा धनन्जय केशरी, जितेन्द्रकुमार केशरी, ज्ञानेन्द्र महर्जन, रामहरि ढकाल, रविन्द्र खड्का र शंकर सिंह हमाल चयन भएका छन् ।

कार्यक्रममा मकवानपुर उद्योग वाणिज्य संघका वरिष्ठ उपाध्यक्ष अनिल अग्रवाल, वस्तुगत उपाध्यक्ष राजु अधिकारी, कार्यसमिति सदस्य कुलप्रसाद चौलागाईंलगायत मदिरा व्यवसायीहरुको उपस्तिथि रहेको थियो ।

हार्दिक बधाई तथा शुभकामना



यस संस्थाका महासचिव **विष्णुगोपाल महर्जन ज्यु** हेटौंडामा शनिवार सम्पन्न नेवा देय् दबु बागमती प्रदेशको प्रथम अधिवेशनबाट अध्यक्ष जस्तो गरिमामय पद निर्वाचन हुनु भएकोमा हार्दिक बधाईसहित सफल कार्यकालको शुभकामना व्यक्त गर्दछौं ।

शंकरलाल श्रेष्ठ (अध्यक्ष)
**होटल एसोसिएसन मकवानपुर**
हेटौंडा, मकवानपुर

# नगरमा अनेरास्ववियुको संगठन निर्माण तीव्र

साझाकुरा संवाददाता

हेटौंडा, २९ फागुन/नेकपा (एकीकृत समाजवादी) निकट अखिल नेपाल राष्ट्रिय स्वतन्त्र विद्यार्थी युनियन (अनेरास्ववियु)ले हेटौंडामा संगठन निर्माण अभियानलाई तीव्रता दिएको छ ।

नगरका ११ वटा विद्यालयमा अनेरास्ववियुले विद्यार्थी संगठन गठन गरिसकेको छ । संगठन निर्माणसँगै अनेरास्ववियुले विद्यार्थीहरुलाई प्रशिक्षणपनि दिँदै आएको छ । संगठन निर्माण अभियानअन्तर्गत् आइतबार हेटौंडाको भुटन देवि उच्च माध्यमिक विद्यालय र हेटौंडा-१६, हटियास्थित जनप्रिय माविमा कमिटी गठन गरिएको अनेरास्ववियुका जिल्ला सचिव आकाश अधिकारीले जानकारी दिए । भुटनदेवीमा अनिश जैसवालको अध्यक्षतामा ११ सदस्यीय कमिटी निर्माण गरिएको हो । अनेरास्ववियु नगर सहसंयोजक रोजन घिमिरेको प्रमुख आतिथ्यतामा भएको भुटनदेवी भेलामा अनेरास्ववियु जिल्ला सदस्य रोशन गोले, मकवानपुर बहुमुखी क्याम्पस कमिटी सदस्य मनोज घलानलगायतको आतिथ्यता थियो ।

जनप्रिय विद्यालयको इलेक्ट्रिकलतर्फ अनिश भण्डारीको अध्यक्षतामा ७ सदस्यीय र विकास दुलाल (एजी)को अध्यक्षतामा ७ सदस्यीय कमिटी बनाइएको छ । अनेरास्ववियु जिल्ला कोषाध्यक्ष सुजन ढकालको प्रमुख आतिथ्यतामा जनप्रियमा भएको कार्यक्रममा जिल्ला सदस्य दिपेश कार्की, नगर कमिटीका सुशान्त कार्कीलगायतको आतिथ्यता थियो ।

**कर्मचारी आवश्यकता**

शुभलक्ष्मी प्रिन्टिङ्ग प्रेसको लागि कम्प्युटर अपरेटर आवश्यकता परेको हुनाले ईच्छुक महानुभावले सम्पर्क गर्नुहोला ।
**योग्यता:** S.L.C. वा +२ पास गरेको ।
कम्प्युटर In Design चलाउन जान्नेको लागि प्राथमिकता दिइनेछ ।
**तलब:** आपसी समझदारीमा तय गरिनेछ ।
**सम्पर्क:**
९८६५०८९६९२, ०५७-५२४४५५

**पार्टी गर्दै हुनुहुन्छ ?**

शुभ-विवाह, ब्रतबन्ध, हरेक प्रकारका पार्टी, सभा, सेमिनार तथा गोष्ठीका लागि हामीलाई सदैव सम्झनुहोस् ।
**जय गणेश पार्टी प्यालेस प्रा.लि.**
हेटौंडा उपमहानगरपालिका-५, अब्बलडाँडा
सानोपोखरा, मकवानपुर
९८५५०२७५१२ (अनिष वाग्ले)

**डबल ब्ल्याक खाजा**

स्वादिष्ट परिकारहरु:
- बफ म:म:, ससेज, चाउमिन र खाजा सेट
- चिकेन म:म:, ससेज, लेगपिस र चाउमिन
- बफ सुकुटी र छोयला
- हल्का पेय पदार्थ
- भेज चाउमिन




ओपाज
कफि पिउँदा
स्कुटी-१ प्लस मोबाइल र नगद रु.५०,०००।-, २०,०००।-, १०,०००।- ३ जनालाई, रु.५,०००।- ३ जनालाई र रु.३,०००।- ५ जनालाई पुरस्कार ।

**डबल ब्ल्याक खाजा**
हेटौंडा-२, चौकीटोल ९८५५०२८१९६, ९८४५०३०३४३
प्रो. झुलेन्द्र प्रसाद श्रेष्ठ, किशोरकुमार ढुङ्गेल

साझाकुरा
**www.sajhakuranews.com**
"तपाईं, हामी सबैको कुरा "
हामी तपाईंहरुकै माझमा छौं, पाठकको चाहनालाई मध्यनजर गर्दै परिष्कृत ढंगले अघि बढ्दैछौं ।






**गोर्खाली ट्रेड एण्ड सप्लायर्स**
हेटौंडा-४, रजतजयन्ती, ,फोन: ९८४१७७१६६४, ९८५५०३१६६४

स्वास्थ्यको लागि खेलकुद, राष्ट्रको लागि खेलकुद

**प्रदेशकै सबैभन्दा ठूलो खेलकुद प्रतियोगिता हेटौंडामा**

यही फागुन २८ गतेबाट सुरु हुन गइरहेको प्रथम प्रदेश खेलकुद प्रतियोगिता हेर्न क्याम्पडाडा खेल मैदान, पिप्ले हेटौंडा जाऔं ।

खेलहरु : फुटवल, भलिवल, क्रिकेट, तेक्वान्दो, कराँते, बक्सिङ, एथलेटिक्स र ब्याडमिन्टन

सञ्चालन हुने खेलहरु र खेलस्थल

१. **मकवानपुर:** पुरुष फुटबल- मिति २०७८/११/२९ देखि
तेक्वान्दो: मिति २०७८/१२/०५ देखि
ब्याडमिन्टन: २०७८/११२९ देखि
२. **चितवन:** भलिबल- २०७८/११/३० देखि
क्रिकेट: २०७८/११/३० देखि
३. **सिन्धुपाल्चोक:** कराते- २०७८/१२/०७ देखि
४. **काठमाडौं:** एथलेटिक्स- २०७८/१२/०६ देखि
५. **काभ्रेपलाञ्चोक:** महिला फुटबल- २०७८/१२/०७ देखि
बक्सिङ- २०७८/१२/०९ देखि

**उद्घाटन समारोह स्थान :** क्याम्पडाडा खेल मैदान, पिप्ले हेटौंडा
**समय :** यही फागुन २८ गते अपरान्ह ४ बजे
**उद्घाटन कार्यक्रमको आकर्षण :** राष्ट्रिय कलाकारहरुको प्रस्तुती, नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र पहरीको प्रर्दशन, तीन सय बढी विद्यार्थीहरुद्धारा ड्रिल कार्यक्रम तथा आताँशवाजीको मज्जा लिन सकिने ।
**सहभागी जिल्लाहरु:** बागमती प्रदेशका १३ जिल्ला

आयोजक
प्रदेश खेलकुद विकास परिषद
बागमती प्रदेश

**खुल्यो ! खुल्यो**



नयाँ व्यवस्थापनका साथ अमलेखगञ्जको जस्तै
लोकल कुखुरा लगायत मासुको आइटमको मीठो स्वाद
*अब होटल म्याक्समा*
**होटल MAX**
हेटौंडा-३, बसामाडी, मो.नं. ९८४५०२५७२७

साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना